माण्डवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## माण्डवी गाउँपालिका भित्र विद्युत जडान नभएका घरमा विद्युत जडानको लागि मिटरमा निशुल्क अनुदान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/०६**

माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय जस्पुर प्यूठानले विगतका आर्थिक वर्षहरुमा "उज्यालो घर, माण्डवीको भर" कार्यक्रम मार्फत मिटर, मिटर बक्स, कालो तार र एम.सि.वि वितरण गरि नागरिकलाई उज्यालो घरमा सुरक्षित र व्यवस्थित बासको व्यबस्था गरेको छ । माण्डवी गाउँपालिकाले मिटर बक्स वितरण कार्यक्रमलाई गाउँपालिकाकै गौरवको आयोजनाको रुपमा संचालन गर्दै आइरहेको सन्दर्भमा आर्थिक वर्ष २०७८।०७९ को हिउदे अधिबेशनमा हालसम्म पनि विद्युत जडान गर्न छुटेका माण्डवी वासिलाई मिटर बक्स खरिद गरि जडान गर्नको लागि लागि निशुल्कअनुदान दिने कार्यक्रम रहेको हुँदा उक्त अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक माण्डवी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने परिवारहरुले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०७८/१२/१२) भित्र कार्यालय खुल्ने समय भित्र माण्डवी गाउँपालिका अन्तर्गतका वडा कार्यालय तथा माण्डवी गाउँपालिकाको कार्यालय जस्पुर, प्यूठानमा आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ ।

**आवश्यक कागजातहरु**

१. माग निवेदन पत्र
२. नागरिता प्रमाण पत्रको प्रतिलिपि
३. जग्गाधनि प्रमाण पत्रको प्रतिलिपि
४. यस आर्थिक वर्षको सम्पत्ति कर/मालपोत कर बुझाएको रसिदको प्रतिलिपि
५. यस अघि मिटरबक्स अनुदान नलिएको स्व-घोषणा पत्र
६. मिटरबक्स जडान गर्नको लागि निवेदन दिईएको घरको स्पष्ट देखिने गरि खिचिएको फोटो

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत